वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ

bhanjyangnews.com

निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी

सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत

"विश्वसनीय समाचार, तपाईको अधिकार"

हामीलाई यहाँ फलो गर्नुहोस्

वेबसाइट www.bhanjyangnews.com

फेसबुक पेज facebook.com/bhanjyangdaily

एक्स (ट्विटर) x.com/@bhanjyangdaily

यूट्युब च्यानल youtube.com/@bhanjyangtvonline9

टिकटक tiktok.com/@bhanjyang.daily.n

हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोस !

हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १६१ | २०८३ असोज २९ गते विहीबार, नेपाल सम्वत् ११४६ October 15, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



१८ दिनेपछि पुल सञ्चालन

कालीगण्डकी नदीमा आएको बाढीले तनहुँको घिरिङ गाउँपालिका र नवलपुरको बौदीकाली गाउँपालिका जोड्ने एप्रोच (पहुँच) बगाएको १८ दिनपछि सञ्चालनमा आएको छ । बौदीकाली तर्फ स्थानीयको श्रमदानबाट गत हप्तानै बाढीले कटान गरेको एप्रोच निर्माण गरिएको थियो भने तनहुँ तर्फको एप्रोच बुधबार निर्माण सम्पन्न भएपछि साँझ पाँच बजेबाट पुलमा सवारी साधान सञ्चालनमा ल्याइएको थियो ।

तस्विर : भञ्ज्याङ

सयपत्री खेतीले फेरिंदै आँवुखैरेनीका महिलाको आर्थिक अवस्था

तीन वर्षमा ४५ रोपनीमा विस्तार, ४५ महिला सामूहिक उद्यममा आबद्ध

भञ्ज्याङ समाचारदाता/आँवु

दसैंको चहलपहल बढेसँगै तनहुँको आँबुखैरेनी गाउँपालिका-१, आँधीमूल यानचोकका बारीमा फुलेका सयपत्रीले गाउँलाई पहेँलपुर बनाउँदै लगेको छ। फूलले बारी ढाकिएसँगै यहाँका महिलालाई उत्पादन र बिक्रीको चटारो थपिएको छ । तीन वर्षअघि सुरू भएको व्यावसायिक फूलखेती अहिले ४५ रोपनीमा फैलिएको छ भने ४५ महिला सामूहिक उद्यममार्फत आम्दानीको बाटोमा अघि बढेका छन् ।

पहिले दसैं-तिहारका लागि बाहिरबाट फूल ल्याउनुपर्ने अवस्था रहेकामा अहिले स्थानीय बारीमै उत्पादित सयपत्री बजारमा पुग्न थालेको छ। सामूहिक खेतीमा आबद्ध महिलाले गत शनिबारदेखि फूल टिप्ने र बिक्री गर्ने काम सुरू गरेका हुन् । पहिलो टिपाइमै ५० किलो फूलको माग आएपछि उनीहरूमा थप उत्साह जागेको छ ।

महिला समूहकी अध्यक्ष सुन्तली गुरूङका अनुसार दमौलीमा कोसेली घर सञ्चालन गर्दै आएकी उद्यमी कल्पना गौलीले ५० किलो फूल माग गरेपछि बिक्रीका लागि फूल टिप्न थालिएको हो । स्थानीय उत्पादनले बजार पाउन थालेपछि फूलखेतीलाई व्यावसायिक रूपमा विस्तार गर्ने सम्भावना पनि बढेको उनले बताइन् ।



अध्यक्ष गुरूङले भनिन्, "पहिलो टिपाइमै ५० किलो फूलको माग आएको छ । यसले हामीलाई फूलखेतीलाई अझ व्यवस्थित रूपमा अघि बढाउन हौसला दिएको छ।"

महिलालाई सामूहिक उद्यममा आबद्ध गराई स्थानीयस्तरमै आयआर्जनको अवसर सिर्जना गर्ने उद्देश्यले सुरू गरिएको खेतीले उनीहरूको आर्थिक आत्मनिर्भरतामा सहयोग पुऱ्याएको छ । सामूहिक रूपमा काम गर्दा श्रम, सीप र अनुभव आदानप्रदान गर्न सहज भएको छ । आफ्नै गाउँको जमिन र उपलब्ध स्रोतसाधन उपयोग गरेर आम्दानी गर्न पाउँदा महिलालाई उद्यमशील बन्ने अवसरसमेत मिलेको छ ।

अध्यक्ष गुरूङका अनुसार सयपत्री फूल प्रतिकिलो चार सय रूपैयाँसम्म बिक्री हुने गरेको छ । उत्पादनलाई निरन्तरता दिँदै बजार विस्तार गर्न सके महिलाको आम्दानी थप बढाउन सकिने उनको विश्वास छ । स्थानीयस्तरमा फूल उत्पादन हुन थालेपछि बजारको माग पूरा गर्न बाहिरबाट फूल ल्याउनुपर्ने निर्भरता घटाउनसमेत सहयोग पुगेको उनले बताइन्।

आँबुखैरेनी गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार आँधीमूल यानचोकमा तीन वर्षदेखि व्यावसायिक सयपत्री खेती हुँदै आएको छ । महिलाको सहभागितामा

बाँकी तेश्रो पेजमा

हलगोरू पाल्ने ४६ किसानलाई अनुदान

भञ्ज्याङ समाचारदाता/आँवु

तनहुँको आँबुखैरेनी गाउँपालिकाले हलगोरू पाल्ने किसानलाई प्रोत्साहन गर्न अनुदान वितरण गरेको छ । गाउँपालिकाको आर्थिक वर्षको नीति तथा कार्यक्रमअनुसार पहिलो चरणमा वडा नं. १ का ४६ जना हलगोरूपालक किसानलाई जनही सात हजार रूपैयाँका दरले अनुदान वितरण गरिएको वडा अध्यक्ष प्रेमबहादुर गुरूङले जानकारी गराए।



वडा नं. १ को कार्यालयमा बुधबार आयोजित कार्यक्रममा हलगोरू पालनपोषण गर्ने किसानलाई कुल तीन लाख २२ हजार रूपैयाँ अनुदान उपलब्ध गराइएको उनले जनाए । ग्रामीण कृषि प्रणालीमा हलगोरूको महत्व कायम राख्न र परम्परागत कृषि संस्कृतिको संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ ।

कृषिमा यान्त्रिकीकरण बढ्दै जाँदा हलगोरू पाल्ने चलन घट्दै गएको अवस्थामा किसानलाई आर्थिक प्रोत्साहन दिएर यसको संरक्षणमा सहयोग पुऱ्याउने उद्देश्य राखिएको छ। हलगोरू खेतीपातीका लागि उपयोगी हुनुका साथै ग्रामीण जीवनशैली र कृषि परम्परासँग पनि जोडिएको अध्यक्ष गुरूङ बताउँछन् ।

अनुदान कार्यक्रमले हलगोरू पाल्ने किसानलाई प्रोत्साहन गर्नुका साथै परम्परागत कृषि प्रणालीको निरन्तरतामा सहयोग पुग्ने अपेक्षा गरिएको छ । गाउँपालिकाले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई प्रभावकारी बनाउँदै किसानको आवश्यकता र स्थानीय कृषि संस्कृतिको संरक्षणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

सम्पादकीय .....

www.bhanjyangnews.com

आर्थिक क्रान्तिको आवश्यकता

कहिल्यै नथाक्ने हलो, खेतका पाखापखेरा र घरआँगनमा गुञ्जिने गीत । यी दृश्य र ध्वनि अहिले सम्झनामा सिमित बन्दै गएका छन् । कृषि प्रधान देशका गाउँबस्तीहरु अहिले सुनसान बन्दै गएका छन् । कहिले उर्वर र उत्पादनमूलक भूमि रहेका ती खेतबारी अहिले झाँडी र वनले ढाक्न थालेका छन् । पहिले गाउँका आँगनमा झुन्डिएका मकैका सुली र धानका भकारी देखिन्थे, आज त्यही आँगन झाँडीले ढाकिदै गएको छ । यसले नेपालको ग्रामीण जीवनशैली, आत्मनिर्भर अर्थतन्त्र र मौलिक संस्कृतिलाई गम्भीर चुनौती दिएको छ । देश कृषि प्रधान भनेर गर्व गर्ने हामी आज आयातमुखी अर्थतन्त्रमा अड्किएका छौं। किसानको खेतमा बिउ उम्रिँदैन, बजारमा विदेशी तरकारी र फलफूल थुप्रिन्छ। उत्पादन गर्ने हातहरु विदेशिएका छन् । युवा विदेशिने क्रम रोकिएको छैन- वैधानिक बाटोबाट मात्र दैनिक झण्डै दुई हजार नेपाली युवाहरु विदेशी भूमिमा पस्दैछन् भन्ने तथ्याङ्क आफैंमा चिन्ताजनक संकेत हो । जब गाउँको युवा शक्ति परदेशिन्छ, गाउँका खेत बाँझिन्छन्, घर उजाडिन्छन्, संस्कारहरु पनि ओझेल पर्छन् ।

गाउँका बालबालिकालाई राम्रो शिक्षा र विरामी पर्दा स्वास्थ्य उपचारको सहज पहुँच नभएकाले परिवारका सदस्यहरु शहर बजारतिर केन्द्रित भइरहेका छन्। गाउँमा असक्त वृद्धवृद्धा मात्र बाँकी छन्, जो शहरबाट ल्याइने चामल, पिठो, पाउरोटी र तरकारीमा निर्भर छन्। कहिल्यै आत्मनिर्भर जीवनशैलीमा गर्व गर्ने गाउँहरु अहिले आयातमा निर्भर बन्दै जानु मुलुकको विकास दिशाको गम्भीर प्रश्न हो । चुनावताका गाउँ-गाउँ पुगेका उम्मेदवारहरूले "गाउँको विकास गर्छु, कृषि आत्मनिर्भर बनाउँछु" भनेर दिएको वाचा चुनावपश्चात् घोषणापत्रका पानाभित्र मात्र सीमित हुन्छ । गाउँबस्तीका समस्या नजिकबाट नियालेका तिनीहरु सत्तामा पुगेर त्यही बिर्सन्छन्। यदि राजनीतिक दल र जनप्रतिनिधिले गाउँका समस्या समाधान गर्ने प्रतिबद्धता पूरा गरेका भए आज गाउँ उजाडिने थिएन, उर्वर भूमि बाँझिने थिएन । राजनीतिक क्रान्तिले देशलाई संघीय लोकतान्त्रिक गणतन्त्रको यात्रातर्फ अघि बढाएको छ। तर, आर्थिक क्रान्तिको पाटो अझै अँध्यारोमा छ । जबसम्म रोजगारका अवसर गाउँमै सिर्जना हुँदैनन्, युवाशक्ति स्वदेशमै सम्मानजनक काम पाउँदैनन्, तबसम्म गाउँमा बसोबासको वातावरण बन्न सक्दैन । राजनीति रूपान्तरणले जीवन रूपान्तरण ल्याउन सकेको छैन, बरू गाउँ र शहरबीचको असमानता झनै फराकिलो बनाउँदै लगेको छ ।

शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर आम जनतासम्म नपुगेको स्पष्ट छ । हाम्रो शिक्षा प्रणाली अझै निर्वाहमुखी छ- सीपमूलक र उत्पादनमुखी छैन। स्वास्थ्य सेवा शहर केन्द्रित छ, गाउँका स्वास्थ्यचौकीहरूमा न औषधि पुग्छ न चिकित्सक। यस्तो अवस्थाले गाउँका मानिसलाई शहरतिर वा विदेशतिर धकेल्नु स्वाभाविक हो । अब समय आएको छ- गाउँलाई पुनः गुल्जार बनाउन, बाँझिएका खेतहरूलाई हरियाली फर्काउन र उजाडिएका घरहरूमा जीवन फर्काउन । यसका लागि विदेशिएका युवा जनशक्तिलाई स्वदेश फर्काउन आकर्षक नीति बनाउनैपर्छ। उनीहरूका सीप र अनुभवलाई उत्पादनमा रूपान्तरण गर्न सकिने अवस्था सिर्जना गर्नुपर्छ। गाउँमा रोजगारीका सम्भावना बढाउन कृषि, पशुपालन, घरेलु उद्योग, पर्यटन र साना व्यवसायहरूलाई प्राथमिकता दिनुपर्छ । स्थानीय सरकारलाई 'घरदैलोको सरकार' भनिन्छ । त्यसैले गाउँ पुनर्जीवनको पहिलो जिम्मेवारी पनि उनीहरूमाथि पर्छ । नीति, कार्यक्रम र बजेटका प्राथमिकतामा ग्रामीण क्षेत्रलाई केन्द्रीय बनाउने समय यही हो ।

स्थानीय तहसँगै प्रदेश र संघीय तहका प्रतिनिधिहरूले पनि आफ्ना योजनामा ग्रामीण विकास र रोजगारी सृजनालाई मुख्य एजेण्डा बनाउनुपर्छ । विकासका नाममा शहरलाई मात्रै फुकाइरहँदा गाउँहरूको अस्तित्व समाप्त हुने खतरा बढ्दो छ । नेपाल प्राकृतिक वैभवले सम्पन्न देश हो । पानी, माटो, वन, जनशक्ति सबै छन् । तर, गरिबी नियति बन्नु विडम्बना हो । यसको अन्त्यका लागि केवल नारा र भाषण होइन, ठोस काम आवश्यक छ । कृषि आत्मनिर्भरता, सीपमूलक शिक्षा, गाउँमै रोजगारी, स्वास्थ्य पहुँच र आवासीय पूर्वाधारका योजना तत्काल कार्यान्वयनमा ल्याउनुपर्छ । हाम्रो गाउँ हाम्रो शक्ति हो- यहींबाट मुलुकको आत्मा धड्किन्छ । गाउँ उजाडिँदै गएर देश बलियो हुन सक्दैन। अब राजनीति होइन, उत्पादनको, रोजगारीको र आत्मनिर्भरताको क्रान्ति आवश्यक छ । यही आर्थिक क्रान्ति नै उजाडिएको गाउँमा हरियाली र जीवन फिर्ता ल्याउने एक मात्र बाटो हो ।



हामी राजनीति किन गर्छौं ?

राजनीति गर्नु समाजसेवा हो, संस्कार हो वा धर्म ? हामी किन राजनीति गर्छौं? आज हाम्रो अगाडि उभिएको एउटा महत्त्वपूर्ण प्रश्न हो यो ।

कसैले आफू राजनीति गर्दिनँ भन्छ र त्यसैमा अडान लिन्छ भने ऊ पनि एक प्रकारले राजनीतिक चेतना भएको व्यक्ति हो। किनकि राजनीति नगर्नौं भन्ने आवाज उठाउनु पनि राजनीतिक अभिव्यक्ति नै हो। फरक यति हो- राजनीति नबुझेर गर्नुभन्दा बुझेर गर्नु राम्रो हुन्छ। देश र बहुसंख्यक जनताको हितमा उठाइएको आवाजले देश र जनताको प्रतिनिधित्व गर्छ । तर अचेल नेताहरु एउटा कुरा बोल्छन् र अर्को काम गर्छन्। पार्टीका घोषणापत्रमा लेखिएका प्रतिबद्धताअनुसार व्यवहारमा काम गर्ने केही अपवाद हुन सक्छन्, तर धेरैजसो अवस्थामा घोषणापत्र जनताको आँखामा छारो हाल्ने माध्यम बनेका छन् ।

मानिसहरूको समूह र समाजलाई मार्गदर्शन गर्ने, प्रशिक्षण दिने तथा राजनीतिक चेतना जगाउने आधार राजनीतिक स्कुलिङ हो । यही स्कुलिङले नेतालाई खार्छ, तिखार्छ र परिपक्व बनाउँछ। तर त्यसले कस्तो नेता निर्माण गर्छ ? उसले निर्माण गरेको राजनीतिक हतियार कसको पक्षमा प्रयोग हुन्छ ? मुख्य प्रश्न यही हो ।

आरन र टक्साल निर्माणका केन्द्र हुन् । आरनमा हँसिया, बन्चरोलगायतका औजार बनाइन्छन् भने टक्सालमा गहना तथा सिक्का निर्माण गरिन्छ । समाजलाई जे आवश्यक पर्छ, त्यसको निर्माण पनि त्यहीअनुसार हुन्छ । हाम्रो देशका पाठशाला र समाज पनि यस्तै स्रोत हुन् । मानव समाजमा शिक्षाको आवश्यकता भएकैले ज्ञान केन्द्रहरूको स्थापना भएका हुन्। आरनमा गहना बन्दैनन् भने टक्सालमा हँसिया-बन्चरोजस्ता औजार बनाउने काम हुँदैन । एउटा मिलमा तेल पेलिन्छ भने पिठो पिस्ने मिलले तेल पेल्न सक्दैन। हरेक संरचनाको आफ्नै उद्देश्य हुन्छ ।

श्रमजीवी वर्गको राजनीति पनि यसैसँग जोडिएको छ । मजदुरले श्रमको वास्तविक पीडा र परिश्रमको मूल्य बुझेको हुन्छ भने धनाढ्य वर्गले मजदुरको श्रमबाट कसरी नाफा आर्जन गर्न सकिन्छ भन्ने कुरा बुझेको हुन्छ । मजदुरले आफ्नो परिश्रमबाट उत्पादन गर्छ, तर पुँजीको स्वामित्व राख्ने वर्गले त्यही श्रमको शोषण गरेर धन आर्जन गर्न सक्छ । त्यसैले वर्गीय राजनीतिमा एउटा पक्षले शोषक वर्गको हितको प्रतिनिधित्व गर्छ भने अर्को पक्षले श्रमजीवी वर्गको हितका लागि राजनीति गर्छ ।

समाज विभिन्न चेतना र शैक्षिक स्तर भएका मानिसहरूको समूह हो । हिजोको तुलनामा आज मानव समाज धेरै शिक्षित भएको छ, तर हुनुपर्ने जति सचेत र शिक्षित भइसकेको छैन । कुनै पनि राजनीतिक धार अँगाल्नुअघि मानिस असल सामाजिक बन्न आवश्यक छ । राजनीतिज्ञ बन्न पुस्तक पढेर मात्र पुग्दैन; आफू बसेको समाज, भूगोल, त्यहाँका जनताको अवस्था र समस्याबारे गहिरो अध्ययन गर्नुपर्छ । त्यसका साथै अन्तर्राष्ट्रिय परिस्थितिको पनि अध्ययन गर्नुपर्छ। किनकि राजनीति स्थानीय परिवेशमा मात्र सीमित हुँदैन, त्यसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिले समेत प्रभावित पारिरहेको हुन्छ ।

राजनीति गर्नेहरु विभिन्न विचार र दृष्टिकोणका हुन्छन् । तथापि वर्गीय दृष्टिकोणबाट हेर्दा शोषक र शोषित वर्गका हितलाई प्राथमिकता दिने दुई विपरीत राजनीतिक धार देखिन्छन् । यी धारका राजनीतिक दलहरु आ-आफ्नो दर्शन र लक्ष्यअनुसार अघि बढ्छन् । तर समान उद्देश्य भएका शक्तिहरु विभाजित हुँदा उनीहरु कमजोर हुन्छन् । अहिलेको अवस्था झन् जटिल छ, किनकि समाज पुँजीप्रधान बनेको छ । धनबिना कसैको भलो चिताउन सकिएला, तर भौतिक सहयोग पुऱ्याउन कठिन हुन्छ । पानी पिउनसमेत शुल्क लाग्छ र शौच गर्न पनि पैसा तिर्नुपर्छ। पैसा प्रधान बनेपछि सबैलाई पैसाकै आवश्यकता पर्ने अवस्था सिर्जना भएको छ । नियम र कानुन छन्, वकिल र डाक्टर छन्, तर तिनका सेवा लिन पनि पैसा चाहिन्छ । त्यसैले धनबिना धेरै काम सम्पन्न गर्न कठिन भएको छ ।

हामी सर्वहाराको राजनीति गर्छौं र आफूलाई सर्वहारा वर्गको जीवनसँग जोड्ने प्रयास गर्छौं । तर पुँजीवादी समाज व्यवस्थामा यो लक्ष्य पूरा गर्नु सहज छैन। सर्वहाराको हितको राजनीति सही हुँदाहुँदै पनि व्यवहारमा कठिन र कहिलेकाहीं विरोधाभासपूर्ण देखिन पुगेको छ । यसको एउटा कारण वर्तमान विश्वको पुँजीवादी समाज व्यवस्था हो ।

वास्तवमा संसारभरिका श्रमजीवी जनता, जो प्रत्यक्ष रूपमा श्रम र उत्पादनसँग जोडिएका छन्, उनीहरूको हित सुनिश्चित गर्न श्रमको सम्मान गर्ने, शोषण अन्त्य गर्ने र उत्पादनका साधनमाथि न्यायपूर्ण पहुँच स्थापित गर्ने व्यवस्था आवश्यक छ । कम्युनिस्ट विचारधाराले यही उद्देश्यलाई आफ्नो मूल लक्ष्यका रूपमा अघि सारेको छ । विश्वमा बहुसंख्यक मानिस श्रममा निर्भर छन् । तर विश्व कम्युनिस्ट आन्दोलनले अपेक्षाअनुसार आफ्नै वैचारिक, शैक्षिक र संगठनात्मक संस्था निर्माण गर्न सकेन। मार्क्सवादी-लेनिनवादी स्कुलिङबाट सक्षम, प्रतिबद्ध र जनताप्रति उत्तरदायी कार्यकर्ता निर्माण गर्ने काम पनि अपेक्षाकृत कमजोर रह्यो ।

आज पुँजीवादी तथा प्रतिक्रियावादी शक्तिहरूले कम्युनिस्ट आन्दोलनलाई कमजोर बनाउन कम्युनिस्ट विचार र कार्यकर्तालाई नै प्रयोग गर्ने गरेको आरोप लाग्दै आएको छ । गैरसरकारी संस्था (एनजीओ) तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आईएनजीओ) मार्फत विभिन्न देशमा सामाजिक विकास, स्वास्थ्य, शान्ति र सुव्यवस्थाका नाममा कार्यक्रम सञ्चालन गरिन्छन् । यस्ता संस्थाका कार्यक्रम र प्रभावले कतिपय अवस्थामा कम्युनिस्ट आन्दोलनको आधार कमजोर बनाएको हुन सक्ने आलोचना पनि हुँदै आएको छ। अझ विडम्बना, आफूलाई कम्युनिस्ट भन्ने केही व्यक्तिसमेत यस्ता संस्थाको सञ्चालन र गतिविधिमा संलग्न छन् । तर सबै गैरसरकारी संस्थालाई एउटै दृष्टिले हेर्नुभन्दा तिनको उद्देश्य, कार्यशैली र प्रभावका आधारमा मूल्याङ्कन गर्नु आवश्यक हुन्छ ।

अर्कोतर्फ, कम्युनिस्टहरु सानातिना विषयलाई आधार बनाएर आपसमै विवाद गर्ने, फुट्ने र एकले अर्कोलाई दोष लगाउने प्रवृत्तिबाट मुक्त हुन सकेका छैनन् । आफूलाई मात्र सही र अरूलाई गलत देख्ने व्यवहारले कम्युनिस्ट आन्दोलन जनतामाझ कमजोर र अविश्वसनीय बन्दै गएको छ । नेतृत्वमा सामन्ती संस्कार र प्रवृत्तिको प्रभाव रहँदा अनुशासनका नाममा सामन्तवादी शैलीमा कारबाही गर्ने र फरक मतलाई निषेध गर्ने अभ्यासले पनि आन्दोलनलाई कमजोर बनाएको छ ।

कुनै पनि राजनीतिक संघर्ष वा आन्दोलन सफल बनाउन अनुशासन र गोपनीयता आवश्यक हुन्छ । तर अनुशासनका नाममा नेतृत्वले मनपरी गर्ने छुट पाउनु हुँदैन । कसैले गल्ती गरेको छ भने कुन परिस्थिति, उद्देश्य र कारणले

बाँकी तेश्रो पेजमा



तपाईको आज

मेष
कर्मयोगले नयाँ मोड लिनेछ भने पुरूषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ।

वृष
काममा धेरै दौडधुप गर्नुपर्दा स्वास्थ्य कमजोर हुनेछ । अर्थ अभावले पनि मन पिरोलिन सक्छ ।

मिथुन
निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले हतारमा निर्णय नलिनुहोला ।

कर्कट
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ला। शत्रु र प्रतिस्पर्धीबाट जोगिएर काम गर्नुहोला ।

सिंह
आफन्त टाढिने हुँदा होसियारीसाथ काम लिनुहोला। भविष्यका लागि केही वस्तु त्याग्नुपर्ला ।

कन्या
कीर्तिमानी काम गर्ने समय छ। सानो प्रयत्नले जीवनशैलीमा सुधार ल्याउन सकिनेछ ।

तुला
इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । परिवारजनको साथ रहन्छ।

वृश्चिक
दिन रमाइलो र उत्साहजनक रहनेछ । प्रियजनसँग भेटघाट वा सम्पर्क हुनेछ ।

धनु
काममा रूचि बढ्नेछ भने व्यापारमा राम्रै लाभ हुनेछ । बुद्धिको उपयोगले मनग्य धन आर्जन हुनेछ ।

मकर
बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। भौतिक साधन जुट्नेछन् ।

कुम्भ
केही बाध्यात्मक परिस्थितिमा अलमलिनुपर्ला नतिजा सच्याउन काम दोहोर्याउनुर्नेछ ।

मीन
दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ ।

दुबई-पोखरा उडानको बुकिङ एक वर्षसम्म, पर्यटन व्यवसायी उत्साहित

भञ्ज्याङ समाचारदाता/पोखरा

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरू भएको दुबई-पोखरा-दुबई नियमित उडानको बुकिङ अवधि आगामी वर्षसम्म विस्तार भएपछि पोखराका पर्यटन व्यवसायी उत्साहित भएका छन् । फ्लाई दुबईले सुरूमा छ महिनाका लागि मात्र टिकट बुकिङ खुला गरेकामा सन् २०२७ अक्टोबर ३० सम्मका लागि बुकिङ उपलब्ध गराएपछि उडानको निरन्तरताप्रति आशा बढेको हो ।

असोज ७ गतेदेखि सुरू भएको उडानले पोखरालाई अन्तर्राष्ट्रिय हवाई सञ्जालसँग जोड्न महत्वपूर्ण भूमिका खेलेको व्यवसायीको भनाइ छ । बुकिङ अवधि विस्तार हुनु उडानलाई निरन्तरता दिने सम्भावनाको सकारात्मक संकेत भए पनि यसको दीर्घकालीन स्थायित्व यात्रुको चाप, व्यावसायिक सम्भावना र सम्बद्ध पक्षको सहकार्यमा निर्भर रहने उनीहरु बताउँछन् ।

फ्लाई नमस्ते ट्राभल्सका सञ्चालक तथा पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष पोमनारायण श्रेष्ठले सुरूआती चरणमै उडानप्रति उत्साह देखिएकाले बुकिङ अवधि बढाइएको बताए । उनले आगामी वर्षसम्म टिकट बुकिङ खुला हुनु पोखराका पर्यटन व्यवसायीसहित समग्र पर्यटन क्षेत्रका लागि सुखद् विषय भएको उल्लेख गरे ।

चाडपर्वका कारण हाल दुबईबाट पोखरा आउने यात्रुको तुलनामा पोखराबाट दुबई जाने यात्रुको संख्या कम रहेको श्रेष्ठले बताए । चाडपर्व सकिएपछि पोखराबाट दुबई जाने यात्रुको संख्या बढ्ने उनको अपेक्षा छ । उडानलाई सफल र दिगो बनाउन पर्यटन व्यवसायी, विमानस्थल प्रशासन, सरकारी निकाय तथा अन्य सरोकारवाला पक्षबीच सहकार्य आवश्यक रहेको उनले बताए ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका सूचना अधिकारी विनोदसिंह रावतका अनुसार असोज ७ गतेदेखि सञ्चालनमा आएको उडानमध्ये मौसम खराबीका कारण एउटा उडान रद्द भएको थियो । त्यसबाहेकका दिनमा उडान नियमित भइरहेको उनले जानकारी दिए । निर्धारित तालिकाअनुसार फ्लाई दुबईको जहाज हरेक दिन साँझ ६:१५ बजे पोखरा अवतरण गर्ने र साँझ ७:१५ बजे दुबईका लागि प्रस्थान गर्ने गरेको छ ।

विमानस्थलको तथ्याङ्क अनुसार गत सोमबारसम्म फ्लाई दुबईमार्फत दुबईबाट तीन हजार ११३ यात्रु पोखरा आएका छन् भने पोखराबाट एक हजार ४२३ यात्रु दुबई प्रस्थान गरेका छन् । आगमन र प्रस्थानको यो तथ्याङ्कले उडान सुरू भएयता यात्रुको आवागमन बढेको देखाउँछ। यद्यपि, दुवैतर्फ यात्रुको संख्या सन्तुलित बनाउन र नियमित उडानको व्यावसायिक आधार बलियो बनाउन थप प्रयास आवश्यक देखिन्छ ।



उडानलाई लक्षित गर्दै पोखराका होटल, रेस्टुरेन्ट तथा ट्राभल्स व्यवसायीले यात्रु आकर्षित गर्न विभिन्न सहुलियत योजना ल्याएका छन् । टिकट बुकिङप्रति देखिएको उत्साहले पर्यटन व्यवसायमा नयाँ अवसर सिर्जना हुने अपेक्षा गरिएको छ । फ्लाई दुबईले १६५ यात्रु क्षमताको बोइङ ७३७ म्याक्स ८ जहाजबाट यस रूटमा सेवा दिँदै आएको छ ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरराष्ट्रिय उडान सुरू गर्ने फ्लाई दुबई पहिलो वायुसेवा कम्पनी हो । यसअघि केही कम्पनीले पोखराबाट अन्तर्राष्ट्रिय गन्तव्यमा चार्टर उडान गरे पनि नियमित व्यावसायिक उडान हुन सकेको थिएन । फ्लाई दुबईको सेवाले दुबईलाई ट्रान्जिट बनाएर पोखरालाई विभिन्न अन्तर्राष्ट्रिय गन्तव्यसँग जोड्ने सम्भावना बढाएको छ । यसबाट पर्यटक आगमन विस्तार हुनुका साथै होटल, यातायात, व्यापार र रोजगारीका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

सन् २०२३ जनवरीमा सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सुरू हुन लामो समय लागेको थियो । सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने उल्लेख गरेपछि फ्लाई दुबईले सेवा सुरू गरेको हो । दुबई-पोखरा-दुबई उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणले गत जेठ २५ गते अनुमति दिएको थियो ।

अन्तर्राष्ट्रिय उडानलाई प्रोत्साहन गर्न सरकारले विमानस्थलका विभिन्न शुल्कमा सहुलियतसमेत दिएको छ । विसं २०८५ भदौ मसान्तसम्म पार्किङ, ल्यान्डिङ र नेभिगेसन शुल्क पूर्ण रूपमा छुट गरिएको छ भने ग्राउन्ड ह्यान्डलिङ शुल्कमा ५० प्रतिशत छुटको व्यवस्था छ ।

बुकिङ अवधि विस्तार र सुरूआती यात्रु आवागमनले पोखराको अन्तर्राष्ट्रिय हवाई सम्पर्क विस्तार हुने सम्भावना देखाए पनि उडानलाई दिगो बनाउन निरन्तर यात्रु प्रवर्द्धन, अन्तर्राष्ट्रिय बजारमा पोखराको प्रचार र सेवाको व्यावसायिक प्रभावकारिता महत्वपूर्ण हुने देखिन्छ। विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानलाई अपवाद नभई स्थायी सेवा बनाउने चुनौती अब सरोकारवाला पक्षसामु छ ।

हामी राजनीति .....

गल्ती भयो भन्ने कुरा पनि मूल्याङ्कन गर्नुपर्छ। मार्क्सवादी-लेनिनवादी सिद्धान्तको व्याख्या आफूअनुकूल गर्ने, आफूले गरेका सबै कामलाई महान् र अरूका कामलाई गलत प्रमाणित गर्ने प्रवृत्ति कम्युनिस्ट आन्दोलनका लागि हानिकारक छ । नेतृत्वको आलोचना गर्न पाउने अधिकार, फरक मतको सम्मान र गल्ती सच्याउने लोकतान्त्रिक अभ्यासबिना वास्तविक अनुशासन कायम हुन सक्दैन ।

कम्युनिस्ट आन्दोलन गरिब, मजदुर, किसान र समग्र श्रमजीवी जनताको हितका लागि गरिने संघर्ष हो । कम्युनिस्ट विचारधारामा अन्तर्राष्ट्रियतावादको महत्त्व छ, तर त्यसको अर्थ राष्ट्रिय हितलाई बेवास्ता गर्नु होइन । राष्ट्रिय स्वाधीनता, जनताको अधिकार र श्रमजीवी वर्गको हितको संरक्षण पनि उत्तिकै महत्त्वपूर्ण छन् । कार्ल मार्क्सले श्रमिक वर्गको मुक्तिलाई केन्द्रमा राखेर विकसित गरेको कम्युनिस्ट विचारधारा विश्वव्यापी राजनीतिक बहसको महत्त्वपूर्ण धार बनेको छ । तर गरिब र सर्वहाराका कथा सुनाएर तिनै जनताको शोषण गर्नेहरूका हातमा कम्युनिस्ट आन्दोलनको नेतृत्व पुग्न सक्ने सम्भावनाप्रति पनि सचेत हुनुपर्छ ।

राजनीतिको उद्देश्य सत्ता प्राप्त गर्नु मात्र होइन, समाजलाई न्यायपूर्ण बनाउनु र जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु हो। कुनै पनि राजनीतिक दल वा नेताको मूल्याङ्कन उसको भाषण, नारा र घोषणापत्रका आधारमा मात्र होइन, व्यवहार, कार्यशैली र जनताप्रतिको उत्तरदायित्वका आधारमा हुनुपर्छ। श्रमजीवी जनताको नाममा राजनीति गर्नेहरूले आफ्नै जीवनशैली, आचरण र निर्णयबाट पनि आफ्नो प्रतिबद्धता प्रमाणित गर्न सक्नुपर्छ।

अन्ततः हामीले राजनीति किन गरिरहेका छौं भन्ने प्रश्नको उत्तर आफ्नै व्यवहारमा खोज्नुपर्छ । राजनीति व्यक्तिगत स्वार्थ, पद, प्रतिष्ठा र धन आर्जनको माध्यम बनेको छ भने त्यसले जनताको हित गर्दैन । राजनीति समाजसेवा र जनताको अधिकार स्थापित गर्ने माध्यम बनेको छ भने मात्र त्यसको सार्थकता रहन्छ। त्यसैले राजनीति देश र जनताको हितमा हुनुपर्छ । जनतालाई भ्रममा पार्ने होइन, सचेत बनाउने; विभाजन गर्ने होइन, न्याय र समानताका पक्षमा एकताबद्ध गर्ने; र सत्ता जोगाउने होइन, जनताको जीवन बदल्ने काम नै राजनीतिको वास्तविक उद्देश्य हुनुपर्छ ।

सयपत्री खेतीले .....

खेतीको क्षेत्रफल विस्तार हुनु सकारात्मक रहेको उनले बताए ।

"पफूलखेतीले स्थानीय महिलालाई आत्मनिर्भर बन्न सहयोग पुऱ्याएको छ । यहाँ उत्पादित फूलको बजारमा समस्या छैन", केसीले बताए। बजारको सम्भावना देखिएकाले उत्पादनलाई थप व्यवस्थित बनाउन र खेतीको विस्तारमा जोड दिन सकिने उनको भनाइ छ ।

दसैं-तिहारजस्ता चाडपर्वमा सयपत्री फूलको माग बढ्ने भएकाले आँधीमूल यानचोकका महिलाका लागि यो खेती आम्दानीको महत्त्वपूर्ण आधार बन्न सक्ने देखिएको छ । तर, खेतीलाई दीर्घकालीन उद्यमका रूपमा स्थापित गर्न उत्पादनको गुणस्तर, बजारसँगको नियमित सम्बन्ध र बिक्री व्यवस्थापनमा ध्यान दिन आवश्यक छ। स्थानीय उत्पादनलाई स्थानीय बजारसँग जोड्दै व्यावसायिक खेती विस्तार गर्न सके सयपत्री फूलले गाउँलाई सजाउने मात्र होइन, महिलाको आर्थिक आत्मनिर्भरता बलियो बनाउने आधारसमेत तयार गर्न सक्छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

ऋषिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऋषिङ, तनहुँ । गण्डकी प्रदेश

लोककल्याणकारी सन्देश

Scrub Typhus (स्क्रब टाइफस)

1. परिभाषा
Orientia tsutsugamushi नामक ब्याक्टेरियाका कारण हुने तीव्र ज्वरो आउने संक्रामक रोग हो। यो संक्रमित चिगर (chigger) अर्थात् माइटको लार्भाले टोकेपछि मानिसमा सर्छ।

2. कारण
- कारक जीवाणु : Orientia tsutsugamushi
- वाहक : चिगर (mite) को लार्भा
- सर्ने माध्यम : संक्रमित चिगरले टोकेपछि
- भण्डार (Reservoir) : माइट तथा साना स्तनधारी जनावर (चुहा आदि)
- मानिसबाट मानिसमा : सामान्यतया सर्दैन।

3. संक्रमण हुने प्रक्रिया
संक्रमित माइट (चिगरको लार्भा) → चिगरले टोकेने → छालाबाट जीवाणु प्रवेश → रगत/लसिका मार्फत शरीरमा संक्रमण

4. Vector (चिगर) र Reservoir
Chigger mite (larval stage) (संक्रमित माइटको लार्भा)
Rodent (reservoir) (चुहा आदि)

5. प्रमुख लक्षणहरु
- अचानक उच्च ज्वरो
- टाउको दुख्ने
- शरीर/मांसपेशी दुख्ने
- धेरै कमजोरी तथा थकान
- जाडो लागने/कम्पन
- खोकी
- वाकवाकी तथा बान्ता
- लिम्फ नोड सुन्निनु
- श्यास
- Eschar (माइटले टोकेको ठाउँमा कालो, सुक्खा घाउ)

Eschar (कालो घाउ)
श्यास

6. जटिलताहरु (उपचार नभएमा)
- निमोनिया / ARDS
- Encephalitis / Meningoencephalitis
- मिर्गौली समस्या (Acute Kidney Injury)
- Hepatitis (कलेजो समस्या)
- Myocarditis (मुटुको समस्या)
- Shock
- Multi-organ failure
- मृत्यु

समयमै उपचार नपाए गम्भीर हुन सक्छ।

7. निदान
- लक्षण तथा clinical history
- IgM ELISA
- PCR
- Immunofluorescence test
- Weil–Felix test (पुरानो र कम विश्वसनीय)

IgM ELISA

8. उपचार
- Doxycycline (प्रमुख प्रभावकारी औषधि)
- Azithromycin (doxycycline उपयुक्त नभएको अवस्थामा, विशेष गरी गर्भवती वा केही उमेर समूहमा)
- उपचार चिकित्सकको सल्लाह तथा राष्ट्रिय guideline अनुसार गर्ने।

Doxycycline 100 mg
Azithromycin 500 mg

9. रोकथाम
1. झाडी/घाँसे क्षेत्रमा जाँदा सावधानी
2. लामो बाहुला र लामो पाइन्ट लगाउने
3. उपयुक्त repellent प्रयोग गर्ने
4. जमिनको घाँस/झाडीमा सिधै नबस्ने वा नसुत्ने
5. घर वरिपरि झाडी व्यवस्थापन
6. लामो समय ज्वरो आएमा समयमै स्वास्थ्य संस्थामा जाने।

Exam Mnemonic "SCRUB"
S – Sudden fever (अचानक ज्वरो)
C – Chigger bite (चिगरले टोकने)
R – Rash (श्यास)
U – Untreated complications (उपचार नभए जटिलता)
B – Black eschar (कालो eschar)

मुख्य कुरा: Scrub Typhus = Orientia tsutsugamushi + Chigger mite + Fever + Eschar + Doxycycline

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कार्तिक ८ गते आइतबार
१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ डा. अनिल विक्रम कार्कीद्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।
२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ डा. दिनेश शर्मा तिमिल्सेनाद्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

कार्तिक १३ गते शुक्रबार
१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी दुङ्गानाद्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कार्तिक १४ गते शनिबार
१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर डा. तिर्थलाल उपाध्याय आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ डा. जयन्ती ज्वारचन आउनुहुने भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास-२, अमरसिंह मार्ग, दमौली । फोन: ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९

उम्मेदवार छनोटमा रास्वपाको मापदण्ड, नेताको खल्तीबाट बाँडिने छैन टिकट

भञ्ज्याङ समाचारदाता/काठमाडौं

नेपालको राजनीतिमा चुनाव नजिकिएपछि उम्मेदवारको टिकट कसले पाउने भन्ने बहस सुरू हुन्छ। सिद्धान्ततः पार्टीमा लामो समय काम गरेको, स्थानीय तहमा प्रभाव राखेको वा चुनाव जित्न सक्ने व्यक्तिले टिकट पाउनुपर्ने तर्क गरिन्छ । तर, व्यवहारमा उम्मेदवार छनोटमा शीर्ष नेतासँगको निकटता, गुटगत समीकरण, आर्थिक प्रभाव र पहुँचले पनि भूमिका खेल्ने गरेको गुनासो पुरानै हो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले यही अभ्यास बदल्ने दाबी गर्दै बुधबार स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट स्प्रेखा, २०८३ सार्वजनिक गरेको छ। रूपरेखाले उम्मेदवार छान्ने प्रक्रियालाई एउटै निर्णयमा सीमित नराखी आवेदन, तालिम, मूल्याङ्कन र प्रारम्भिक निर्वाचनको क्रमबाट अघि बढाउने व्यवस्था गरेको छ।

यसको मूल उद्देश्य पार्टीको टिकट वितरणलाई व्यक्तिको इच्छा वा प्रभावभन्दा विधि, प्रमाण र अंकमा आधारित बनाउनु रहेको रास्वपाले मापदण्डमा उल्लेख गरेको छ। स्प्रेखामा उम्मेदवारको योग्यता, नेतृत्व क्षमता, पार्टीमा गरेको काम, स्थानीय लोकप्रियता, सार्वजनिक आचरण र समावेशितालाई अलग-अलग आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ।

टिकटको पहिलो ढोकाः उम्मेदवार क्लब

रास्वपाबाट स्थानीय तहमा उम्मेदवार बन्न चाहनेले सबैभन्दा पहिले पार्टीको 'क्यान्डिडेट क्लब' मा आवेदन दिनुपर्नेछ। पालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा सदस्यका आकाङ्क्षीका लागि यो प्रारम्भिक प्रवेशद्वार हुनेछ । आवेदनका क्रममा आकाङ्क्षीको व्यक्तिगत विवरण, शैक्षिक योग्यता, पार्टीसँगको आबद्धता र अन्य आवश्यक कागजात परीक्षण गरिनेछ । नेपाली नागरिकता, उमेर र सम्बन्धित स्थानीय तहको मतदाता नामावलीमा नाम समावेश भएको जस्ता कानुनी योग्यता पनि पूरा गर्नुपर्नेछ ।

पार्टीको सक्रिय सदस्यता, वैचारिक प्रतिबद्धता र अन्य दलको सदस्यता त्यागेको अवस्था पनि हेरिनेछ । उम्मेदवारले आवश्यक पर्दा आफ्नो सम्पत्ति विवरण, प्रहरी चारित्रिक प्रमाणपत्र र अन्य कागजात बुझाउन तयार रहेको प्रतिबद्धता जनाउनुपर्ने व्यवस्था छ।

स्प्रेखाले उम्मेदवारको पृष्ठभूमि र सार्वजनिक आचरणलाई पनि प्रवेश प्रक्रियामै महत्त्व दिएको छ। शैक्षिक प्रमाणपत्रको सत्यता, वैवाहिक अवस्थाको कानुनी स्पष्टता, घरेलु हिंसा वा यौन दुर्व्यवहार, साइबर दुर्व्यवहार तथा अवैध आर्थिक कारोबारमा संलग्नता भए-नभएकोबारे स्वघोषणा मागिएको छ। मिटरब्याज, सट्टेबाजी, हप्ताअसुली, ढुकुटी, हुन्डी र सहकारीको बचत अपचलनजस्ता कारोबारमा संलग्न नरहेको घोषणा गर्नुपर्ने व्यवस्था पनि छ । उम्मेदवार बन्न चाहेको पालिका वा वडामा आफ्नो वा परिवारको व्यावसायिक स्वार्थ जोडिएको छ कि छैन भन्ने विवरणसमेत खुलाउनुपर्नेछ ।

नेतृत्व गर्नुअघि तालिम र परीक्षा

रास्वपाको छनोट प्रणालीमा उम्मेदवारको लोकप्रियता मात्रै पर्याप्त हुने छैन। क्यान्डिडेट क्लबमा दर्ता भएका आकाङ्क्षीले पार्टीको नेतृत्व एकेडेमीमार्फत तालिम र मूल्याङ्कनमा सहभागी हुनुपर्नेछ।

नेतृत्व एकेडेमीलाई कुल छनोट अंकको २५ प्रतिशत भार दिइएको छ। यसको उद्देश्य उम्मेदवारको बौद्धिक क्षमता, नीतिगत स्पष्टता, वैचारिक बुझाइ र नेतृत्व क्षमताको मूल्याङ्कन गर्नु हो । स्थानीय सरकार सञ्चालन, सार्वजनिक सेवा, सुशासन, सार्वजनिक वित्त, नीति निर्माण, नागरिक सहभागिता र नेतृत्वका बहुआयामिक पक्षमा आकाङ्क्षीलाई तयार पार्ने स्प्रेखाको उद्देश्य छ ।

अर्थात्, स्थानीय चुनाव जित्ने सम्भावना भएको व्यक्ति मात्रै होइन, निर्वाचित भएपछि काम गर्न सक्ने उम्मेदवार पनि छानियोस् भन्ने रास्वपाको दाबी छ। नेतृत्व एकेडेमीको मूल्याङ्कन केन्द्रीय स्प्रमा तोकिएको समूहले गर्ने व्यवस्था छ । त्यस समूहमा पार्टीका केन्द्रीय सदस्य, प्रतिनिधिसभा सदस्य र विज्ञहरु सहभागी हुन सक्नेछन्। मूल्याङ्कनबाट प्राप्त अंक पार्टीको आधिकारिक डिजिटल प्रणालीमा सुरक्षित राखिनेछ ।



लोकप्रियता र राजनीतिक पृष्ठभूमिको पनि परीक्षा

उम्मेदवार छनोटमा राजनीतिक पृष्ठभूमि, पार्टीभित्रको भूमिका, समाजमा स्थापित सम्बन्ध, लोकप्रियता र चुनाव जित्ने सम्भावनालाई पनि बेवास्ता गरिएको छैन। यी पक्षको मूल्याङ्कनका लागि स्प्रेखाले २५ प्रतिशत भार छुट्याएको छ। यसलाई 'पोलिटिकल प्रोक्सिमिटी' (राजनीतिक सामीप्यता) भनिएको छ । यसअन्तर्गत पार्टीसँगको आबद्धता, सङ्गठन विस्तारमा गरेको योगदान, विगतमा पार्टीका विभिन्न जिम्मेवारी सम्हालेको अनुभव र अघिल्ला निर्वाचनमा पार्टीका उम्मेदवारलाई जिताउन खेलेको भूमिकासमेत हेरिनेछ ।

स्थानीय समुदायसँगको सम्बन्ध, सार्वजनिक छवि, सामाजिक सद्भाव कायम गर्न खेलेको भूमिका र निर्वाचनमा प्रतिस्पर्धा गर्न सक्ने सम्भावनालाई पनि मूल्याङ्कनको आधार बनाइएको छ । उम्मेदवारको पदअनुसार फरक मूल्याङ्कन समिति गठन गर्ने र स्वार्थको द्वन्द्व हुन नदिन सम्बन्धित तहको पार्टी समितिमा रहेका व्यक्तिलाई मूल्याङ्कन समितिमा नराख्ने प्रावधान छ।

सदस्यको मतलाई ४० प्रतिशतसम्म भार

रास्वपाको छनोटमा प्रारम्भिक निर्वाचनलाई मुख्य आधार मानिएको छ। पार्टी सदस्यले आफ्ना उम्मेदवार आफैं छान्ने यो प्रक्रियालाई कुल छनोट अंकको अधिकतम ४० प्रतिशत भार दिइएको छ । तर, प्रारम्भिक निर्वाचनको भाराङ्क सबै पालिका र वडामा अनिवार्य स्प्रमा ४० प्रतिशत नै हुनेछ भन्ने होइन। स्प्रेखाअनुसार सम्बन्धित निर्वाचन क्षेत्रका कुल मतदातामध्ये पार्टी सदस्यको अनुपातका आधारमा यसको भार घटबढ हुनेछ ।

पार्टी सदस्य कुल मतदाताको पाँच प्रतिशत वा बढी भए प्रारम्भिक निर्वाचनको भार ४० प्रतिशत हुनेछ। सदस्यको अनुपात चारदेखि ४.९९ प्रतिशत भए ३० प्रतिशत, तीनदेखि ३.९९ प्रतिशत भए २० प्रतिशत र दुईदेखि २.९९ प्रतिशत भए १० प्रतिशत भार दिइनेछ। एकदेखि १.९९ प्रतिशतसम्म सदस्य भए पाँच प्रतिशत भार हुनेछ । कुल मतदाताको एक प्रतिशतभन्दा कम पार्टी सदस्य भए प्रारम्भिक निर्वाचन आयोजना नगरिने र यसको भार शून्य हुने व्यवस्था छ । प्रारम्भिक निर्वाचनमा 'नोटा' (माथिका कोही पनि होइनन्) विकल्पसमेत राखिनेछ। प्रतिस्पर्धामा रहेका कुनै पनि आकाङ्क्षी मन नपरे सदस्यले नोटा रोज्न सक्नेछन्।

नोटाले सबैभन्दा बढी मत पाएमा सबै आकाङ्क्षीको उम्मेदवारी खारेज गरी नयाँ उम्मेदवार छनोट गरेर पुनः मतदान गरिने स्प्रेखामा उल्लेख छ। यो व्यवस्थाले मतदातालाई उम्मेदवार अस्वीकार गर्ने अधिकार दिन्छ।

समावेशिताका लागि छुट्टै १० प्रतिशत

रास्वपाले उम्मेदवार छनोटमा समावेशितालाई छुट्टै आधार बनाएको छ। यसका लागि कुल अंकको १० प्रतिशत भार छुट्याइएको छ। लैङ्गिक समानता, उमेर समूह, अपाङ्गता, भौगोलिक विकटता र सामाजिक-आर्थिक पृष्ठभूमिलाई पनि समावेशिताको आधार बनाइएको छ । यस्तो अंक कुनै व्यक्ति वा समितिको तजबिजबाट दिने व्यवस्था छैन। आकाङ्क्षीले डिजिटल विवरणमा प्रविष्ट गरेका व्यक्तिगत विवरण र प्रमाणित कागजातका आधारमा प्रणालीले तोकिएको मापदण्डअनुसार अंक गणना गर्नेछ। विभिन्न सूचकमा योग्य भए पनि एक जना उम्मेदवारले यो खण्डमा अधिकतम १० अंक मात्रै पाउनेछन्। यसले प्रतिनिधित्व विस्तारलाई व्यक्तिको सदिच्छाभन्दा प्रणालीसँग जोड्ने प्रयास गरेको छ ।

अंक सुरक्षित, त्यसपछि मात्र नतिजा

रूपरेखाले मूल्याङ्कनका विभिन्न चरणलाई निश्चित क्रममै पूरा गर्नुपर्ने व्यवस्था गरेको छ। प्रारम्भिक निर्वाचनको मतदान सुरू हुनुअघि नेतृत्व एकेडेमी, राजनीतिक सामीप्यता र समावेशिता सम्बन्धी मूल्याङ्कन पूरा गरेर प्राप्त अंक डिजिटल प्रणालीमा सुरक्षित राखिनेछ। स्प्रेखाले उम्मेदवार छनोटका चरण, मूल्याङ्कन र निर्णयको दस्तावेजीकरणलाई अनिवार्य बनाएको छ। यसले भविष्यमा कुनै उम्मेदवार किन छानियो वा किन छानिएन भन्ने प्रश्नको जवाफ प्रमाण र अभिलेखका आधारमा दिन सकिने अपेक्षा राखेको छ।

नयाँ अनुहारका लागि विशेष प्रवेश

रास्वपाले पार्टी सदस्यता लिएपछि उम्मेदवार क्लबमा आवेदन दिन निश्चित समय पर्खनुपर्ने व्यवस्था गरेको छ। पालिका प्रमुख, उपप्रमुख र वडाध्यक्षका आकाङ्क्षीमध्ये पहिलोपटक राजनीतिमा आबद्ध भएकाले कम्तीमा ४५ दिन र अर्को दलबाट आएका व्यक्तिले ९० दिन सदस्यता अवधि पूरा गर्नुपर्नेछ। वडा सदस्यका लागि यो अवधि क्रमशः तीन र सात दिन तोकिएको छ। तर, विशेष परिस्थितिमा समाजमा प्रतिष्ठित, विज्ञ, सार्वजनिक स्प्रमा स्वच्छ छवि भएका वा पार्टीलाई आवश्यक विशेष क्षमता भएका व्यक्तिका लागि 'ल्याटरल इन्ट्री' अर्थात् विशेष प्रवेशको व्यवस्था पनि छ। यसमार्फत सदस्यता अवधि पूरा नभए पनि उम्मेदवार क्लबमा आवेदन दिन अनुमति दिन सकिनेछ। यस्तो प्रवेशका लागि पद र तहअनुसार औपचारिक लिखित सहमति आवश्यक हुन्छ ।

सामान्य प्रक्रियाभन्दा बाहिर गएर उम्मेदवार छनोट गर्नुपर्ने असाधारण परिस्थिति आएमा केन्द्रीय समितिको तत्काल कायम सदस्य संख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट अनुमोदन हुनुपर्ने व्यवस्था गरेको छ। यस्तो अवस्थामा पनि क्यान्डिडेट क्लब, नेतृत्व एकेडेमी र प्रारम्भिक निर्वाचनसहित स्प्रेखाका अन्य आधारभूत प्रक्रिया कायम राख्नुपर्ने उल्लेख छ। अर्थात्, विशेष प्रवेश वा असाधारण परिस्थिति भन्दैमा छनोटका मूल मापदण्ड पूर्ण स्प्रमा हटाउन पाइने व्यवस्था छैन।

विशेषाधिकारको झ्यालबाट नेतृत्वको हस्तक्षेप

उम्मेदवार छनोटको मापदण्ड विधि, अंक र कार्यकर्ताको मतमा आधारित बनाउने दाबी गरे पनि यही व्यवस्थाभित्र नेतृत्वको हस्तक्षेपका लागि एउटा झ्याल खुला राखिएको छ। असाधारण परिस्थिति सिर्जना भएमा केन्द्रीय समितिको तत्काल कायम सदस्य सङ्ख्याको कम्तीमा दुईतिहाइ बहुमतबाट अनुमोदन गराएर निर्धारित प्रक्रियाभन्दा फरक ढङ्गले उम्मेदवार छनोट गर्न सकिने व्यवस्था छ। यस्तो अवस्थामा पनि क्यान्डिडेट क्लब, नेतृत्व एकेडेमी र प्रारम्भिक निर्वाचनका आधारभूत प्रक्रिया कायम राख्नुपर्ने प्रावधान छ। तर, असाधारण परिस्थिति केलाई मान्ने र त्यस्तो अवस्था कसरी सिर्जना भयो भन्ने व्याख्याले नै यो व्यवस्थाको वास्तविक सीमा निर्धारण गर्नेछ। एकातिर, उम्मेदवार छान्ने अधिकार कार्यकर्ताको मत, वस्तुगत मूल्याङ्कन र डिजिटल अभिलेखमा सुम्पिने घोषणा छ। अर्कोतिर, विशेष अवस्था देखाएर प्रक्रियामा अपवाद सिर्जना गर्न सकिने बाटो पनि खुला छ। अनलाइनखबरबाट

facebook twitter



Muma Ram Khanal
x.com/MumaRamKhanal

हिंसा, अश्लिलता, धम्की, मानमर्दन, अत्याचार र असभ्यताको सम्पूर्ण सिमालाई भत्काएर कुनै पनि सद्धे मानिसले सोच्न पनि नसकिने बहुचर्चित 'अडियो रेकर्ड'को आवाज कसको हो र कसलाई भनिएको थियो भन्ने सत्यतथ्य ढिलो चाँडो आउने नै छ। बरू सकेसम्म चाँडो छानबिन गरेर पिडीतलाई तुरून्त सुरक्षा तथा न्यायको प्रत्याभूती दिनुपर्छ । तर संघीय सांसद खगेन्द्र सुनारका गतिविधि जहिले पनि उग्र, आक्रामक र असभ्य थिए । उनको विगतदेखिकै चरित्र एउटा सार्वजनिक पदको अनुकूल पटक्कै थिएन । रास्वपाले उनको छानबिन चलुन्जेल सार्वजनिक कार्यक्रममा प्रतिबन्ध लगाउने निर्णय स्वागतयोग्य छ। तर अडियो रेकर्डको आवाजमा रहेको अपराधको प्रकृति हेर्ने हो भने सभामुखले सुनारलाई छानबिन अवधिभरि तुरून्त सांसदबाट निलम्बन गर्नुपर्छ ।



Deepak Raj Joshi
x.com/kapeed

यो गणतन्त्रको समावेशिताको एउटा महत्त्वपूर्ण उदाहरण नेपाली कांग्रेसको उपसभापतिमा अर्बपति विनोद चौधरीको विजयले गज्जब संग प्रस्तुत गरेको छ।

मैले बुझेको समावेशिता भनेको जात, धर्म, लिङ्ग, अपाङ्गता वा सांस्कृतिक पृष्ठभूमिका आधारमा हुने भेदभाव अन्त्य गर्नु हो । सीमान्तीकृत र ऐतिहासिक स्प्रमा पछाडि पारिएका समुदायलाई समाजको मूल प्रवाहमा ल्याउनु हो ।

तर प्रश्न उठ्छ, समावेशिताको उद्देश्य ऐतिहासिक स्प्रमा अवसरबाट वञ्चित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु हो भने, अर्बपति विनोद चौधरीको विजयले समावेशिताको कुन पक्षलाई प्रतिनिधित्व गर्छ ?

प्रश्न चौधरी अर्बपति हुनुमा होइन, समावेशिताको नाममा हामीले कसलाई अगाडि ल्याइरहेका छौं र कसलाई अझै पछाडि छाडिरहेका छौं भन्नेमा हो।

भानुमा सार्वजनिक सुनुवाइ, सेवा सुधार्न नागरिकका सुझाव

भञ्ज्याङ समाचारदाता/भानु

तनहुँको भानु नगरपालिकाले बुधबार सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ । कार्यक्रममा आर्थिक वर्ष २०८२/८३ मा नगरपालिकाले सञ्चालन गरेका विकास निर्माणका योजना, सार्वजनिक सेवा प्रवाह तथा विभिन्न शाखाबाट सम्पादन गरिएका कामको प्रगति विवरण प्रस्तुत गरिएको थियो।

प्रस्तुत विवरणमाथि सहभागी नागरिकले जिज्ञासा, सुझाव तथा गुनासा राख्दै विकास निर्माणलाई आवश्यकतामुखी बनाउन, सेवा प्रवाह सहज बनाउन तथा सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न नगरपालिकाको ध्यानाकर्षण गराएका थिए। नागरिकका सुझाव तथा गुनासालाई आगामी योजना र कार्यक्रममा समेट्दै सेवा प्रवाहलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउने विषयमा छलफल गरिएको थियो ।

सार्वजनिक सुनुवाइले स्थानीय सरकारका कामकारबाहीबारे नागरिकलाई जानकारी गराउनुका साथै जनप्रतिनिधि र कर्मचारीलाई जवाफदेही बनाउन सहयोग पुऱ्याउँछ। नागरिकका गुनासा र सुझावलाई व्यवहारमै सम्बोधन गर्न सके विकास निर्माण र सार्वजनिक सेवा प्रवाहमा सुधार आउने अपेक्षा गरिएको छ ।



भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७, ९८५६०६०३७६
मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४